# अर्नमा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## अर्नमा सिरहा

मधेश प्रदेश नेपाल

प.सं.:-२०७९/०८०  मिति:- २०७९/०७/२७

च.नं.:- ८६२

श्री विधालय सवै, अर्नमा गाउँपालिका, सिरहा ।

विषयः- **भवन, परिसर र भौतिक संरचना उपलब्ध गराउने सम्बन्धमा ।**

उपर्युक्त सन्दर्भमा निर्वाचन आयोग, नेपालको म.नां.२०७९/०८०/१३३ र मिति २०७९/०७/२५ गते तथा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको प.सं.२०७९/८०, च.नं.१९८ र मिति २०७९/०७/२५ गतेको प्राप्त पत्रानुसार २०७९ साल मंशिर ४ गते हुन गईरहेको प्रतिनिधी सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा मिति २०७९/०८/०१ गते देखि मिति २०७९/०८/०४ गते आईतवार सम्म भवन, परिसर र भौतिक संरचना उपलब्ध गराउन हुन आदेशानुसार अनुरोध छ । साथै यसै साथ संलग्न पत्र बमोजिम आवश्यक सहयोग समन्वय गरि दिन समेत जानकारी गराईन्छ ।

कृष्णानन्द सिंह

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
फोन नं. ०१-४२००३०४

पत्र सं.:- २०७९/०८०
चलानी नं.:- ११८

मितिः- २०७९/०७/२५

विषयः- आवश्यक कारवाही सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको च.नं. १३३ मिति २०७९/०७/२५ को भवन, परिसर र भौतिक संरचना उपलब्ध गराउने सम्बन्धी पत्र आवश्यक कारवाहीको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

..........................
चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री निर्वाचन आयोग, नेपाल, कान्तिपथ, काठमाडौं।
श्री सूचना तथा प्रविधि शाखाः- वेभसाइटमा अपलोड गरिदिनुहुन।

दर्ता नं.:- ८५४
दर्ता मितिः- 065/6/26
गा.का.पा.को.का.अर्नम

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: म.ना. २०७९/०८०/१३३ मितिः- २०७९/०७/२५

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- 9638
दर्ता मिति:- 2079/07/22

विषय : भवन, परिसर र भौतिक संरचना उपलब्ध गराउने सम्बन्धमा ।

संवत् २०७९ साल मङ्सिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका सन्दर्भमा निर्वाचन कार्यक्रम अनुसार मतदानका लागि खटिने कर्मचारीहरु मिति २०७९/०८/०१ गते बिहीबार बेलुकीसम्म मतदान स्थल तथा मतदान केन्द्रमा पुगी मतदान केन्द्रको निर्माण समेत गर्नुपर्ने भएको हुँदा सो सम्वन्धमा आयोगबाट मिति २०७९/०७/२४ गते देहाय बमोजिम निर्णय भएको हुँदा निर्णयानुसार हुन अनुरोध गर्दछु।

आयोगबाट भएको निर्णयः

"मतदान स्थल तथा केन्द्र तोकिएका सार्वजनिक विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी तथा अन्य भवन एंव भौतिक संरचना मतदान प्रयोजनका लागि उपयोग गर्न त्यस्ता भवन र भवन परिसर मिति २०७९/०८/०२ गते शुक्रबारदेखि मिति २०७९/०८/०४ गते आइतवारसम्म उपलब्ध गराउन नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहमा लेखी पठाउने ।"

(तुलसी बहादुर श्रेष्ठ)
सह सचिव

श्री स्थानीय तह समन्वय शाखा